विपद् पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०७५ को समयसापेक्ष रुपमा परिमार्जनको लागि गठित उपसमितिवाट तयार भएको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ उपर छलफल गरियो । छलफलमा प्राप्त राय सुझावलाई समेटी योजनालाई अन्तिम रुप दिने र सो योजनालाई आधार मानी पूर्व तयारी तथा प्रतिकार्यको कार्य अगाडी वढाउने निर्णय गरियो ।

विपदको क्षेत्रमा कार्यरत संस्था श्री हाम्रो प्रयास नेपाल परियोजनावाट जिल्ला प्रशासन कार्यालय, सिन्धुलीमा सञ्चालित जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रको लागि सहयोग स्वरुप प्रदान गरिएको आवश्यक श्रोत साधन ( Rescue Rope १०० मिटर, Emmergency Light १० Peace, Rain Coat १० peace र Life jacket १५ Peace) हस्तान्तरण गरि जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रवाट आगामी दिनमा प्राप्त श्रोत साधनको प्रभावकारी रुपमा प्रयोग गर्ने ।

मनसुनको समयमा हुन सक्ने संभावित विपद हावाहुरी, वाढी पहिरो, चटयाङ्ग जस्ता घटनाको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि सवै सुरक्षा निकाय, सवै स्थानीय तह, सवै सरकारी, गैरसरकारी निकायहरु तत्काल परिचालित हुन सक्ने गरि तयारी अवस्थामा रहने ।

मिति २०७६।२।३० गते सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं. १ गिज्यानी बस्ने वर्ष ४५ को श्री भिमनाथ कुवरको चटयाङ्ग लागि मृत्यु भएको हुँदा मृतकका नजिकका हकदारलाई आवश्यक कागजात सहित उपस्थित भएमा जिल्ला विपद व्यवस्थापन समिति/जिल्ला प्रशासन कार्यालय वाट रु १,००,०००।(अक्षेरुपी रु एक लाख) रकम उपलव्ध गराउने निर्णय गरियो ।

विपदको समयमा तत्काल परिचालन हुन सक्ने गरी धुलिखेल सिन्धुली वर्दिवास सडक आयोजना, सडक डिभिजन कार्यालय, मध्यपहाडी लोक मार्ग आयोजना कार्यालयलाई डोजर, स्क्याभेटर स्टयान्डवाई राख्ने र सवै स्थानीय तहले एम्वुलेन्स, दमकल जस्ता साधनहरु तयारी अवस्थामा राख्नको लागि अनुरोध गर्ने ।

विपद्वाट हुन सक्ने सभावित जोखिम न्यूनीकरणका लागि सर्तकता अपनाउन सर्वसाधारणको लागि स्थानीय सञ्चार माध्यमवाट सन्देशमुलक सूचना प्रवाहको लागि स्थानीय तहलाई अनुरोध गर्ने ।

नेपाल रेडक्रस सोसाइटी कार्यालय सिन्धुलीले कम्तीमा १५० परिवारको लागि आवश्यक गैर खाद्य सामाग्रीहरु र नेपाल उद्योग वाणिज्य संघ सिन्धुलीवाट खाद्य सामाग्रीहरु मौज्दात राख्न र जिल्लाका दुर्गम स्थानमा समेत सहज आपूर्ती हुन सक्ने व्यवस्था मिलाउने । सवै स्थानीय तहले समेत कम्तीमा १०० परिवारलाई आवश्यक पर्ने गैर खाद्य सामाग्रीको मौज्दातको व्यवस्था गर्न अनुरोध गर्ने ।

जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य तथा सवै स्थानीय तहले अति आवश्यक औषधि तयारी अवस्थामा राख्ने । आवश्यकता अनुसार तुरुन्तै परिचालन हुन सक्ने गरि QRT (Quick Respose Team) को व्यवस्था गर्ने ।

विपदको समयमा सर्वसाधारण जनताको दैनिक जीवनमा तत्काल असर पर्ने सञ्चार, विद्युत, खानेपानी जस्ता अत्यावश्यक सेवा  तत्काल सुचारु राख्नको लागि सम्बन्धित निकाय तयारी अवस्थामा रहने ।

आपतकालीन उद्धारका लागि सबै गा.पा, न.पा.मा कम्तीमा १ हेलीप्याड वनाउन सबै स्थानीयतहलाई अनुरोध गर्ने ।

५०० देखि १००० जना सम्म वस्न सक्ने खुला स्थानको पहिचान गरी सो को प्रचार प्रसार गर्न सबै न.पा/गा.पा. लाई अनुरोध गर्ने । पहिचान भएको स्थानमा कम्तीमा खानेपानी र शौचालयको समेत व्यवस्था गर्न अनुरोध गर्ने ।

जिल्ला सदरमुकाम र प्रत्येक गा.पा./न.पा.को केन्द्रमा एक एक Ware House निर्माण गर्न समन्वयात्मक रुपमा पहल गर्ने ।

केन्द्रिय विपद व्यवस्थापन समिति समक्ष खोज तथा उद्धार सामाग्रीहरु र  आपतकालीन स्टकको लागि २०० थान त्रिपाल माग गर्ने ।

जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला आपतकालीन सञ्चालन केन्द्रलाई सवलिकरण गर्न स्थानीय तह र गैरसरकारी सस्थाहरुलाई अनुरोध गर्ने ।